# नेपाल धितोपत्र बोर्ड
## जावलाखेल, ललितपुर ।

## लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रमको लाइभ प्रसारण सम्बन्धी सूचना ।

बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी सर्वसाधारणको सचेतना अभिवृद्धि गर्ने तथा गुनासा/जिज्ञासाहरु सम्बोधन गर्ने उद्देश्यले यही २०७६ वैशाख ४ बुधबारदेखि रेडियो कान्तिपुर (९६.१ मेघाहर्ज) बाट विहान ७:३० देखि ८:०० बजेसम्मको अवधिमा लगानीकर्तासँग प्रत्यक्ष रेडियो संवाद कार्यक्रमको लाइभ प्रसारण गर्न लागेको हुँदा यस सम्बन्धी जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस कार्यक्रममा सहभागी हुन इच्छुक लगानीकर्ताहरुले फोन नं. ०१-५५४१९०५, ५५४१९०६ मा सम्पर्क गर्न सक्नेछन्। साथै यो कार्यक्रम आगामी दिनमा प्रत्येक महिनाको पहिलो बुधबार विहान ७:३० देखि ८:०० बजेसम्मको अवधिमा निरन्तर लाइभ प्रसारण हुने जानकारी समेत गराइन्छ।

साथै, बोर्डले धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी जानकारी देशभरका सर्वसाधारणमा प्रवाह गरी उनीहरुलाई साक्षर बनाउन विश्व लगानीकर्ता सप्ताह, २०१८ (अक्टोवर १-७) को अवसर पारी २०७५ असोज महिनादेखि पाक्षिक रुपमा प्रत्येक महिनाको पहिलो र तेस्रो शनिबार बिहान ७:४० बजेदेखि ७:५५ सम्म रेडियो नेपालमार्फत धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी कार्यक्रम प्रसारण गर्दै आइरहेको समेत जानकारी गराइन्छ।